आज मिति २०७७ साल माघ २८ गते दिनको ३:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

**उपस्थिति**

| क्र.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भटटराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: ~~नर बहादुर चौधरी~~ ऋषिराज पाण्डेय | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल | वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | **श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६** | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री रेशम राज पाण्डेय का.व. वडा अध्यक्ष १३ नं वडा | का.व. वडा अध्यक्ष १३ नं वडा |
| २९. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव (प्रा) |
| ३०. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३१. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३२. | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३३ | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३४ | | श्री पशुपति गैरे | अधिकृत छैंटौ |

प्रस्तावहरू :

(१) सातौं नगर सभासञ्चालन सम्बन्धमा
(२) बर्दघाट नगरपालिकाको सार्वजनिक नीजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
(३) बर्दघाट नगरपालिकाको शिक्षा विधेयक, २०७७
(४) योजना संसोधन
(५) विविध
(क) करारमा कर्मचारी व्यवस्थापन सम्बन्धमा
(ख) भ्याट वापतको रकम फिर्ता सम्बन्धमा
(ग) सडकको क्षेत्राधिकार सम्बन्धमा
(घ) बाल मैत्री स्थानीय शासन घोषणा सम्बन्धमा
(ङ) तथ्याँक संकलक थप गर्ने सन्दर्भमा
(च) सञ्चीत कोष खातामा रकम दाखिला सम्बन्धमा
(छ) घर नक्सा अभिलेखिकरण सम्बन्धमा

नि.नं १ः

बर्दघाट नगरपालिकाको सातौं नगरसभा मिति ०७७/१०/२८ गते विहान ८ः०० बजे प्रस्तावित तालिका बमोजिम सूरूवात गर्ने निर्णय गरियो ।

नि.नं २ः

विधायन समितिको वैठकबाट अन्तिम मस्यौदा भै आजको बैठकमा पेश हुन आएको बर्दघाट नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ उपर छलफल गर्दा उक्त विधेयक स्वीकृतीको लागि नगर सभासमक्ष पेश गर्ने गरियो ।

नि.नं ३ः

विधायन समितिको वैठकबाट अन्तिम मस्यौदा भै आजको बैठकमा पेश हुन आएको बर्दघाट नगरपालिकाको शिक्षा विधेयक, २०७७ उपर छलफल गर्दा उक्त विधेयक स्वीकृतीको लागि नगर सभासमक्ष पेश गर्ने गरियो ।

नि.नं ४ः

चालु आर्थिक वर्षका लागि नगरसभाबाट स्वीकृत योजनाहरू मध्ये केही योजनाहरूको शिर्षक परिवर्तनका लागि विभिन्न वडा समितीबाट माग भई आएको तथा चालु आ.व.मा कार्यान्वयन हुन नसक्ने देखिएका केही योजनाहरूबाट वजेट रकमान्तर गरी कार्यालयको दैनिक कार्यसम्पादन तथा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन, जग्गाको नाप नक्सा लगायतका कार्य सम्पन्न गर्नको लागि अति आवश्यक भएका खर्च शिर्षकहरूमा देहायअनुसार बजेट विनियोजन गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

वडा स्तरबाट शिर्षक परिबर्तनको लागि सिफारिस भएको वडा स्तरिय योजनाहरू

| क्र.स. | योजना क्र.स. | साविक योजनाको नाम र स्थान | विनियोजित वजेट | परिवर्तित योजनाको नाम | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ | विपद व्यवस्थापन कार्यक्रम | ५९८२४८.०० | खेलकुद कार्यक्रम, वडा नं १ | ५००००.०० | |
| | | | | शैक्षिक सुधार वाल्मीकी मा.वि. पुनरवास, १ | १०००००.०० | |
| | | | | कार्यालय व्यवस्थापन, वडा नं १ | ५००००.०० | |
| | | | | कृषि सम्वन्धी तालिम, वडा नं १ | १०००००.०० | |
| | | | | गोठ सुधार, वडा नं १ | ७५०००.०० | |
| २ | १९ | राम जानकी मन्दिर तारवार | ५००००.०० | रामजानकी मन्दिरमा माटो फिलिङ्ग तथा सरसफाई | ५००००.०० | |
| ३ | ५३ | विद्युत संरचना निर्माण तथा मर्मत | २०००००.०० | नरकट्टाधारी बिहारी डाँडा प्रतिक्षालय निर्माण, वडा नं २ | १०००००.०० | |
| | | | | ब्लक नं ७, कल्भर्ट निर्माण, वडा नं २ | १०००००.०० | सि.नं ४४ मा थप |
| ४ | २७ | आदिवासी/जनजाती महिला लक्षित कार्यक्रम | २०००००.०० | ब्लक नं ५, दिव्यज्योती क्याम्पस पछाडि नाल निर्माण, वडा नं २ | ३०००००.०० | सि.नं २७ मध्येबाट रु १,००,०००।०० |
| ५ | ३६ | कोभिड व्यवस्थापन | २०००००.०० | | | |
| ६ | ८० | कोभिड लगायत महामारी प्रकोप न्युनीकरण विपद् राहत व्यवस्थापन | ९३२८१०.०० | टोल विकास संस्था वैठक तथा विविध कार्यक्रम सञ्चालन वडा नं ४ | २०००००.०० | |
| | | | | अध्ययन भ्रमण, वडा नं ४ | १०००००.०० | |
| | | | | बाटो स्तरिकरण, वडा नं ४ | ६३२८१०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ८४ | कृषि औजार खरिद तथा वितरण | ५०००००.०० | मेसिनरी औजार खरिद, वडा नं ४ | ५०००००.०० | |
| ८ | ८५ | मेसिनरी औजार तथा खरिद | २६६४००.०० | बाटो स्तरिकरण, वडा नं ४ | २६६४००.०० | |
| ९ | ८६ | फलफुलको विरुवा वितरण | २०००००.०० | पारिजात सामुदायिक बन उपभोक्ता समिति इको पार्कमा सेड निर्माण, वडा नं ४ | २०००००.०० | |
| १० | ८७ | वोका वितरण | ४९९२२४.०० | फर्निचर खरिद, वडा नं ४ | ५००००.०० | |
| | | | | नवदुर्गा मन्दिर कम्पाउण्ड निर्माण, वडा नं ४ | २०००००.०० | |
| | | | | नवजीवन मा.वि. कम्पाउण्ड निर्माण, वडा नं ४ | १५००००.०० | |
| | | | | बाटे स्तरिकरण, वडा नं ४ | ९९२२४.०० | |
| ११ | ११६ | पर्व, उत्सव तथा खेलकुद | १०००००.०० | स्वास्थ्य चाकीको पश्चिम तर्फको बाटो स्तरिकरण, वडा नं ६ | ५००००.०० | |
| १२ | १३० | विरुवा खरिद | ५८८८०.०० | घाँसको विउ वितरण कार्यक्रम, वडा नं ७ | ३७५००.०० | |
| | | | | कार्यालय व्यवस्थापन, वडा नं ७ | २१३८०.०० | |
| १३ | १३९ | महामारी जन्य रोग नियन्त्रण | १५००००.०० | किसानहरुलाई हिँउदे घाँसको विउ वितरण, वडा नं ८ | ५००००.०० | |
| | | | | वडाका विभिन्न वाटो ग्राभेल, वडा नं ८ | १०००००.०० | |
| १४ | १६३ | मलेरिया किटनाशक औषधी | १०००००.०० | श्याम थापाको घर देखी शिववस्ती दक्षिण पश्चिम दक्षिण र दुर्गा के.सी.को घर अगाडी स्कुल पछाडि जोड्ने बाटो साइड वाल सहित ग्राभेल, वडा नं ९ | १०००००.०० | |
| १५ | १७२ | भानुनगर सेन्टर प्लट देखी पश्चिम तिलकपुर सिमाना सम्म बाटे स्तरिकरण | ५०००००.०० | सुनटाडी नाला निर्माण, वडा नं ९ | ३०००००.०० | |
| | | | | शिववस्ती वालिन्द्र शाहिको घरको दक्षिण तर्फ नाला निर्माण, वडा नं ९ | २०००००.०० | |
| १६ | १८० | स्वास्थ्य चौकिको लागि सामाग्री खरिद | ३५७७९८.०० | पञ्चनगर स्वास्थ्य चौकी सञ्चालन अनुदान, वडा नं ९ | ३५७७९८.०० | |
| १७ | १८९ | मेशिनरी औजार खरिद | १५००००.०० | ह्युम पाइप खरिद, वडा नं १० | ४५०००.०० | |
| | | | | थारु समाजको मन्दिरमा गेट निर्माण, वडा नं १० | ४५०००.०० | |
| | | | | भकारो सुधार कार्यक्रम, वडा नं १० | ६००००.०० | |
| १८ | १९० | वेमौसमी तरकारीको घाँसको विउ वितरण | १२००००.०० | घाँसको विउ वितरण कार्यक्रम, वडा नं १० | १२००००.०० | |
| १९ | १९२ | वडामा फलफुलको विरुवा वितरण कार्यक्रम | १८००००.०० | भकारो सुधार कार्यक्रम, वडा नं १० | १८००००.०० | |
| २० | २१० | गैडहा गाँउमा नाला मर्मत तथा निर्माण, वडा नं ११ | २०००००.०० | वुटाहा केरावारी बाटो ग्राभेल, वडा नं ११ | २०००००.०० | सि.नं २११ म थप |
| २१ | २३० | विपद व्यवस्थापन | ११७२७२.०० | सिलाई कटाइ तालिम, वडा नं १२ | ६७२७२.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | २३३ | बिउ बिजन तथा कृषि उत्पादन बृद्धिका लागि | ५७५९०८.०० | कृषि विउविजन तथा कृषि औजार, वडा नं १२ | २२५९०८.०० | |
| २३ | २४२ | विद्युत पोल तार खरिद | २०००००.०० | विद्युत पोल तार खरिद तथा ममत सम्हार, **वडा नं १२** | २०००००.०० | |
| २४ | २४६ | बिरूवा खरिद | १०००००.०० | बिरूवा खरिद तथा माटा फिलिङ्ग, वडा नं १२ | १०००००.०० | |
| २५ | २४७ | गोपाल चौधरीको घरदेखी दविला तर्फ नाला निर्माण | ३२५०००.०० | गोपाल चौधरीको घरदेखी बडकी भटौलिया तर्फ सडक स्तरिकरण, वडा नं १२ | ३२५०००.०० | |
| २६ | ३०२ | बिपन्न वर्गलाई कार्यक्रम | ५००००.०० | दलित सिपमुलक तालिम, वडा नं १२ | ५००००.०० | |
| २७ | ३०४ | संस्कृति तथा खेलकुद वडा भरी | १०००००.०० | खेल मैदानमा माटो फिलिङ्ग, वडा नं १५ | १०००००.०० | |
| २८ | ३११ | कम्प्यूटर तथा फोटोकपी मेसिन आनन्द आधारभूत विद्यालय | ८००००.०० | विद्यालय सहायता शिक्षक अनुदान , वडा नं १५ | ८००००.०० | |
| २९ | ३३२ | मिलन टोल गुम्वा निर्माण | १०००००.०० | बाटो ग्राभेल वडा भरी, वडा नं १५ | १०००००.०० | |
| ३० | ३४३ | शिशु स्याहार शिक्षक सहायता खर्च | १५००००.०० | शिसु स्याहार केन्द्रमा ट्वाइलेट निर्माण, वडा नं १६ | १०००००.०० | |
| | | | | रेशम गुरूङ्गको घर देखी चापी टोल जाने बाटोमा ग्राभेल, वडा नं १६ | ५००००.०० | |
| ३१ | ३४५ | विपद व्यवस्थापन खर्च | २०००००.०० | सिद्दज्योती खानेपानीको पाइपलाइन विस्तार गर्न, वडा नं १६ | १०००००.०० | |
| | | | | सिद्दज्योती खोप क्लिनीक प्लाष्टर तथा झ्याल मर्मत, वडा नं १६ | ५००००.०० | |
| | | | | क्रियापुत्री जाने बाटोमा ह्युमपाइप जडान तथा ग्राभेल, वडा नं १६ | ५००००.०० | |

**नगर स्तरिय योजना मध्येबाट शिर्षक परिबर्तन गर्न प्रस्ताव गरिएका योजनाहरू**

| सि.नं | योजनाक्र.स. | साविक योजनाको नाम | | परिवर्तित योजनाको नाम | | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३७८ | मर्मत सम्हार, विद्युत उर्जा सुविधा पदाधिकारी | १०८००००.०० | मर्मत सम्हार र विद्युत उर्जा सुविधा पदाधिकारी | १८००००.०० | |
| | | | | कृषि पशु कार्यक्रममा नागरिकको सहभागिता | १०००००.०० | श्रोत परिवर्तन |
| | | | | मेसिनरी औजार सञ्चालन तथा मर्मत | ४०००००.०० | |
| | | | | विविध कार्यक्रम खर्च | ४०००००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ४०९ | नगर स्तरिय प्रज्ञा प्रतिष्ठान र खेलकुद समिति कर्मचारी तलव र पोशाक खर्च | ६०००००.०० | कृषि पशु कार्यक्रममा नागरिकको सहभागिता | ६०००००.०० | श्रोत परिवर्तन |
| ३ | ४५८ | नगर स्तरिय खेलकुद समिति सञ्चालन खर्च | १०००००.०० | मसलन्द तथा कार्यालय सञ्चालन खर्च | २०००००.०० | |
| ४ | ४५९ | नगर स्तरिय प्रज्ञा प्रतिष्ठान सञ्चालन खर्च | १०००००.०० | | | |
| ५ | ५७४ | प्रकोप व्यवस्थापन कोष कोभिड लक्षित | १५००००००.०० | समपुरक/लागत सहभागिता | ५००००००.०० | सि.नं ५२२ मा थप |
| ६ | ५९४ | ५० प्रतिशत साझेदारीमा स्यालो ट्यूवेल तथा साना सिंचाई वितरण | २०००००० | स्यालो ट्यूवेल सहलगानीमा | १००००००.०० | |
| | | | | साना सिंचाई कार्यक्रम सहलगानीमा | १००००००.०० | |
| ७ | ४६६ | फिर्ता खर्च नदिजन्य पदार्थ आय ठेक्का | १०००००००.०० | परिश्रमिक तथ्याँक संकलन | १५०००००.०० | वासको समेत |
| | | | | कर्मचारी पारिश्रमिक (करार ज्यालादारी) | १००००००.०० | |
| | | | | सचेतना कार्यक्रम –भूमि समस्या सामाधान | ५०००००.०० | |
| | | | | मेसिनरी औजार | ५०००००.०० | |
| | | | | पदपुर्ति खच | ५०००००.०० | |
| | | | | विविध खर्च | ३०००००.०० | |
| | | | | मसलन्द | ७०००००.०० | |
| | | | | मर्मत सम्हार कोषमा थप | ५००००००.०० | |
| ८ | ४९६ | वडा कार्यालयमा फाइवर जडान तथा नेटवर्किङ, उपकरण खरिद जडान | ५०००००.०० | Online UPS system खरिद तथा जडान | ५०००००.०० | |
| ९ | ५९५ | कृषि यन्त्रीकरण समूह साझेदारी ५० प्रतिशत (हाते ट्रयाक्टर, स्प्रेयर, पम्पसेट, मोटर लगायत | २००००००.०० | कृषक यन्त्रीकरण कार्यक्रम | ५०००००.०० | |
| | | | | हार्भेष्टर औजार वितरण | ५०००००.०० | |
| | | | | स्प्रेटँकी तथा खनजोत औजार वितरण | १००००००.०० | |
| १० | ५९७ | आलु पकेट क्षेत्र , वडा नं १५ | ३०००००.०० | अर्गानिक मल खरिद, वडा नं १५ | ८०५००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | ६३९ | छाडा चौपाया व्यवस्थापन | १०००००.०० | सामुदायिक चौपायालाई (गाई, गोरू) लाई गौशाला सम्म पुर्याउने | ५००००.०० | |
| | | | | सामुदायिक पशु प्रजनन् केन्द्र स्थापना ( जयनगर कृषक समूह, बर्दघाट १३) | २०००००.०० | |
| | | | | गाई भैंसी तथा वाख्रा पालन तालिम | ३०००००.०० | |
| | | | | पशु कृत्रिम गर्भाधान सहायता रकम | ४५००००.०० | |
| १२ | ६५३ | वैकल्पीक विधिबाट शिक्षण सिकाई कार्यक्रम सञ्चालन | १००००००.०० | ल्यापटप प्रोजेक्टर र प्रिन्टर खरिद | ४१६०००.०० | |
| | | | | स्थानीय पाठ्यक्र प्रिन्टीङ्ग तथा पाठ्यपुस्तक लेखनको लागि तयारी | ४०००००.०० | |
| १३ | ६७४ | प्रसुती तथा ल्याव कर्मचारी पारिश्रमिक | ११०००००.०० | प्रसुती तथा ल्याव कर्मचारी पारिश्रमिक | ६०००००.०० | |
| | | | | जहदा तथा दाउन्नेदेवी स्वास्थ्य सस्थाको प्रसुती भवनमा Placenta pit, जीप्सन जडान, न्याकअप इन्भर्टर, पंखा, दराज, टायल खरिद समेत | ५०००००.०० | |
| १४ | ६८८ | गर्भवति भिडियो एक्स रे एक पटक सोधभर्ना | ७०००००.०० | गर्भवति भिडियो एक्स रे २ पटकको सोधभर्ना | ३०००००.०० | |
| | | | | सामुदायिक स्वास्थ्य इकाई सुखोरा भवन मर्मत | ४०००००.०० | |

नि.नं ५ः

यस नगरपालिका अन्तरगत रहेको चिसापानी अस्पतालको स्वीकृत दरवन्दी अनुसार स्वास्थ्य सेवा जनरल हेल्थ सर्भिसेज रामूहको बरिष्ठ मेडिकल सुपरिटेन्डेन्ट (नवौं/दशौं) तह पद रिक्त भएकोले अस्पतालबाट प्रवाह हुने सेवा प्रभावित हुने देखिएकोले करारमा पदपूर्ति गर्ने व्यवस्थाका लागि अस्पताल व्यवस्थापन समितिको मिति ०७७/१०/४ को निर्णय तथा सिफारिस माग भएको र यस नगरपालिका अन्तरगत नयाँ स्थापना भएका स्वास्थ्य संस्थाहरुमा समेत स्वीकृत दरवन्दी बमोजिमका कर्मचारीहरु स्थायी पदपूर्ति भै नआएसम्मको लागि सेवा करारमा पदपूर्ति गर्ने प्रक्रिया अगाडी वढाउने निर्णय गरियो

नि.नं ६ः

यस नगरपालिका अन्तरगत तपसिलका विभिन्न शिर्षकहरूमा गत आ.व.को लागि आन्तरिक राजश्वको रूपमा रहेको वैठकी कर उठाउने सन्दर्भमा सम्झौता भै आधिकारीक व्यक्तिहरूबाट राजश्व उठाउने कार्य भएकोमा कोभिड –१९ को कारण भएको बन्दावन्दीको अवस्था लगायत विविध कारणबाट निजहरुले पुरा समय अवधि वैठकी कर उठाउन नपाएकोले तपसिलमा उल्लेख भएबमोजिमको रकम फिर्ता गर्ने सन्दर्भमा भएको छैंटौ नगरसभाको निर्णय अनुसार मूल्य अविवृद्धि कर वाहेकको देहायबमोजिमको रकम फिर्ता भैसकेकोमा निजहरुको कार्यालय संग भएको सम्झौतामा स्वत तिर्नुपर्ने विषय उल्लेख नभएकोले भ्याट समेतको रकम फिर्ता पाउनको लागि निवेदन पेश गरेकोले तपसिल बमोजिमको फिर्ता गर्न बाँकी भ्याट बापतको रकम सम्बन्धित व्यावसायीहरूलाई फिर्ता दिने सम्बन्धमा आवश्यक निर्णयको लागि नगरसभासमक्ष सिफारिस गर्ने निर्णय गरियो

तपसिलः

| क्र.स. | योजना क्र.स. | साविक योजनाको नाम र स्थान | विनियोजित वजेट | परिवर्तित योजनाको नाम | विनियोजित वजेट |
|---|---|---|---|---|---|
| १५ | ४७३ | स्वास्थ्य चौकि भवन निर्माण, वडा नं १ | २७५००००० /- | समपुरक अनुदान | ७५०००००.०० |
| | ४७४ | स्वास्थ्य चौकि भवन निर्माण, वडा नं १० | | लागत साझेदारी | १०००००००.०० |
| | ४७५ | स्वास्थ्य चौकि भवन निर्माण, वडा नं १२ | | भूक्तानी वांकी | २५०००००.०० |
| | ४७७ | स्वास्थ्य चौकि भवन निर्माण, वडा नं ३ | | मर्मत सम्हार कोषमा थप | ५०००००० .०० |
| | ४७८ | स्वास्थ्य चौकि भवन निर्माण, वडा नं ४ | | पूजिगत परामर्श सेवा खर्च ( DPR, EIA, IEE) | २५०००००.०० |
| | ४७९ | स्वास्थ्य चौकि भवन निर्माण, वडा नं ६ | | | |
| | ४८० | स्वास्थ्य चौकि भवन निर्माण, वडा नं ७ | | | |
| | ४८१ | स्वास्थ्य चौकि भवन निर्माण, वडा नं ८ | | | |
| १६ | ४७६ | स्वास्थ्य चौकि भवन निर्माण, वडा नं १६ | | | |
| | ५६१ | सडक वत्ति खरिद | ५०,००,०००/- | उज्यालो बर्दघाट अभियान (विद्युत लाइन विस्तार) | १९०००००.०० |

| क्र.स. | आय ठेक्का को नाम | ठेक्का पाउने व्यक्ति/कम्पनीको नाम | फिर्ता दिनु पर्ने रकम भ्याट समेत | कवोल गरेको रकम | फिर्ता गर्न वाँकी (भ्याट वापतको रकम) | फिर्ता दिइएको रकम भ्याट वाहेकको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आईतवारे साप्ताहिक हाटवजार बर्दघाट-९, भुताहा | धुवा बम वहादुर थापा , बर्दघाट, | २०२५०० | ५८५००० | ७६०५० | १२६४५० | |
| २ | शुक्रवारे साप्ताहिक हाटवजार बर्दघाट-४, बर्दघाट | विर वहादुर कुमाल बर्दघाट, ४ | ३२७४२० | १०५१००१ | १३६६३० | १९०७८९।८७ | |
| ३ | भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, | खेम राज राना मगर, बर्दघाट, | १४७९७२ | ४५०००० | ५८५०० | ८९४७२ | |
| ४ | बर्दघाट वसपार्क पार्किङ्ग शुल्क शौचालय समेत | विकास थापा, बर्दघाट ४ | ५३२१८३ | १९०९९९९ | २४८३०० | २८३८८३।१३ | |
| ५ | मंगलवारे पाडा वजार जमुनिया , बर्दघाट, १३ | नवराज ढकाल, सुस्ता १ | २२५१२८८ | ५१०१००५ | ६६३१३१ | १५८८१५७।३५ | |
| ६ | बुधवारे हाटवजार चिसापानी, बर्दघाट, २ | विकास थापा, बर्दघाट ४ | १६९१६५ | ४२५००० | ५५२५० | ११३९१५ | |
| ७ | कवाडि कर उत्पादन तथा निकाशी | विकास थापा, बर्दघाट ४ | ५९९९९ | १९९९९९ | २५९९९।९ | ३३९९९।१३ | |
| ८ | सोमवारे हाटवजार माकर, १ | होम वहादुर गाहा मगर, बर्दघाट, १ | ७४००५ | २२५१०० | २९२६३ | ४४७४२ | |
| ९ | आइतवारे हाटवजार , बर्दघाट, १४ | ऋषिराम अधिकारी, बर्दघाट, १६ | ८६५२० | २५०००० | ३२५०० | ५४०२० | |
| १० | विज्ञापन कर | छाँया इन्टरप्राइजेज | | ६२५००० | ० | ० | |
| ११ | सनिवारे हाटवजार बर्दघाट, १४ | ऋषिराम अधिकारी, बर्दघाट, १६ | ७५६२० | २३०००० | २९९०० | ४५७२० | |
| १२ | शुक्रवारे हाटवजार, बर्दघाट, ९ | धुवा बम वहादुर थापा , बर्दघाट, | ६११८२ | ४५४५०० | ५९०८५ | २०९७ | |
| १३ | आईतवारे साप्ताहिक हाटवजार बर्दघाट-९, भुताहा | अजय शाही , बर्दघाट ८ | २९४२३ | २५५००० | २९४२३ | ० | आ.व. ०७४।७५ को ६ वटा बजारकको रकम |
| | | | ३९८७८५४ | ११५०६६०४ | १४४४०३२ | २५७३२४५।४८ | |

निर्णय नं ७:

यस नगरपालिकाको नगर यातायात गूरूयोजना तर्जुमा भैरहेको सन्दर्भमा उक्त गूरूयोजनामा नगर चक्रपथ (रिङ रोड) भनी उल्लेख भएको सडकको सडक अधिकार क्षेत्र २० मी. कायम गर्ने र अन्य बाटोको सन्दर्भमा गुरूयोजनाको मस्यौदामा उल्लेख भएबमोजिमको मापदण्ड नै कायम हुने गरी उक्त गूररूयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ८:

यस नगरपालिकालाई मित्र ०७७/१२/३० भित्र वाल मैत्री नगरको रूपमा घोषणा गर्ने निर्णय गरिएकोमा कोभिड–१९ को कारण यस सम्बन्धी आवश्यक तयारी पुरा गर्न नसकिएको हुँदा मिति ०७८।१२।३० सम्म घोषणा गर्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

**यस नगरपालिका अन्तरगत भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अन्यवस्थित बसोवासीको लगत संकलन गर्ने कार्यको लागि तथ्यांक संकलन गर्ने कार्य भैरहेकोमा खटाइएका तथ्यांक संकलकहरू अप्रयाप्त रहेको हुँदा यस नगरपालिका अन्तरगत सामुदायिक विद्यालयमा रहेका शिक्षक तथा कर्मचारीहरूलाई समेत खटाउने निर्णय गरियो ।**

नि.नं १०: यस नगरपालिका अन्तरगत २, ३, ४, १२, १३, १४,१५ र १६ नं वडाहरूको साविकमा रहेका खर्च खाताहरू हाल सम्म पनि बन्द नगरिएको सन्दर्भमा उपरोक्त सवै वडाहरूको नाममा रहेका खर्च खाताहरू बन्द गरी वडा नं १५ को खर्च खातामा रहेको रू १८३१ सञ्चीत कोष खातामा दाखिला गर्ने सम्बन्धमा आवश्यक अनुमति मागको लागि नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं ११: साविक देखी गरिदै आएको घर नक्सा अभिलेखिकरण कार्यलाई ०७७ पौष मसान्त सम्म मात्र कायम राखी ०७७ माघ १ देखी बन्द गर्ने भनी छैटौं नगरसभाबाट निर्णय भैसकेकोले यस विचमा भएका सवै घर नक्सा अभिलेखिकरणको कार्य अनुमोदनको लागि सातौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।